February 13th, 2026 Friday

आकाशवाणी हो

**प्रमुख समाचार:**

१. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा नयाँ दिल्लीमा सेवा तीर्थ परिसरको उद्घाटन

२. विकसित राष्ट्र निर्माण गर्न स्वस्थ, शिक्षित र जिम्मेवार नागरिक आवश्यक पर्ने राष्ट्रपति द्रौपदी मुर्मुको धारणा

३. बजेट अधिवेशनको पहिलो चरण आज सम्पन्न; संसदका दुवै सदनका बैठकहरू मार्च ९ मा पुनः सुरु हुने

३. आम चुनावमा भारी विजय हासिल गरेपछि बंगलादेश राष्ट्रवादी पार्टी सरकार गठन गर्न तयार

५. अनि आज विश्व रेडियो दिवस मनाइँदै

---------

१. PM – Sewa Tirtha

प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा सेवा तीर्थ परिसरको उद्घाटन गर्नुभयो। यो उहाँको नयाँ कार्यालय हुनेछ। सेवा तीर्थ प्रणाली अपनाएपछिको आफ्नो पहिलो निर्णयमा, प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री राहत योजनालाई स्वीकृत गर्नुभयो। श्री मोदीले किसान, महिला, युवा र पीडित नागरिकहरूका लागि महत्त्वपूर्ण निर्णयहरूसँग सम्बन्धित महत्त्वपूर्ण फाइलहरूमा हस्ताक्षर गर्नुभयो। प्रधानमन्त्री राहत योजना अन्तर्गत, दुर्घटना पीडितहरूले ₹१.५ लाख सम्मको निःशुल्क उपचार प्राप्त गर्न सक्नेछन्।

२. VP – Amit Shah - Sewa Tirtha

उपराष्ट्रपति सी.पी. राधाकृष्णन र गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सेवा तीर्थको उद्घाटन हुनुलाई ऐतिहासिक क्षणको रूपमा वर्णन गर्नुभएको छ। सामाजिक सञ्जालको एक पोष्टमा उपराष्ट्रपतिले सेवा तीर्थलाई आत्मनिर्भर र विकसित भारततर्फ भारतको प्रगतिको प्रतीकको रुपमा वर्णन गर्नुभएको छ। त्यसैगरि सामाजिक सञ्जालमा पोस्ट गर्दै अमित शाहले सेवा तीर्थ प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सेवामुखी सरकारको संकल्पको प्रतीक हो भन्नुभयो। उहाँले यो विकसित र आत्मनिर्भर भारत निर्माणमा कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्नुभयो।

३. President – Karmayog

राष्ट्रपति द्रौपदी मुर्मुले विकसित राष्ट्र निर्माण गर्न राजनीतिक स्थिरता र बलियो अर्थतन्त्र मात्र पर्याप्त नहुने बरु स्वस्थ, शिक्षित र जिम्मेवार नागरिक पनि आवश्यक पर्ने बताउनुभएको छ। नयाँ दिल्लीमा "बलियो भारतका लागि कर्मयोग" विषयक राष्ट्रव्यापी अभियानलाई सम्बोधन गर्दै राष्ट्रपतिले जनताको सक्रिय सहभागिता बिना कुनै पनि राष्ट्रिय लक्ष्य प्राप्त गर्न गाह्रो हुने बताउनुभयो। उहाँले थप भन्नुभयो,

४. Parliament Adjourn

संसदमा बजेट अधिवेशनको पहिलो चरण आज सम्पन्न भएको छ। संसदका दुवै सदनका बैठकहरू मार्च ९ मा पुनः सुरु हुनेछ। बजेट सत्रको पहिलो चरण गत महिनाको २८ तारिख राष्ट्रपति द्रौपदी मुर्मुले दुवै सदनलाई संयुक्त सम्बोधन गर्नुभएपछि सुरु भएको थियो। बजेट सत्रको दोस्रो चरण आगामी मार्च ९ देखि अप्रिल २ सम्म चल्नेछ।

६. Shivaraj -IARI Convocation

केन्द्रिय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज युरोपेली संघ र संयुक्त राज्य अमेरिकासँग गरिएका हालैका सबै स्वतन्त्र व्यापार सम्झौताहरूले भारतको राष्ट्रिय हितलाई पूर्ण

रूपमा सुरक्षित गरेको र किसानहरूको कल्याणलाई उच्च प्राथमिकता दिइएको बताउनुभयो। उहाँले नयाँ दिल्लीमा भारतीय कृषि अनुसन्धान संस्थान (IARI) को ६४ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै यस्तो आशयको जानकारी दिनुभएको हो। श्री चौहानले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा एक शक्तिशाली, गौरवशाली, समृद्ध, आत्मनिर्भर र विकसित भारत निर्माण भइरहेको उल्लेख गर्दै विद्यार्थीहरूलाई विकसित भारत निर्माणमा योगदान पुर्‍याउन तयार रहन आग्रह गर्नुभयो।

७. Bangladesh – PM

बंगलादेशमा हालै सम्पन्न १३ औं आम चुनावमा बंगलादेश राष्ट्रवादी पार्टी (BNP) ले दुई तिहाइ बहुमतको अंक पार गर्दै भारी विजय हासिल गरेको छ। पार्टी अर्को सरकार गठन गर्न तयार छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज बंगलादेश राष्ट्रवादी पार्टीका अध्यक्ष तारिक रहमानसँग संवाद गर्दै बंगलादेशको चुनावमा उहाँको भारी विजयको लागि बधाई दिनुभयो।

९. BRICS Sherpa – Cultural Evening

विदेश मन्त्रालयले वस्त्र मन्त्रालयको हस्तकला विकास आयुक्तको कार्यालयसँगको सहकार्यमा राष्ट्रिय शिल्प संग्रहालयमा ब्रिक्स शेर्पा र सु-शेर्पाहरूको लागि विशेष सांस्कृतिक साँझको आयोजना गर्‍यो। वस्त्र मन्त्रालयका अनुसार फेब्रुअरी १० मा नयाँ दिल्लीमा आयोजना गरिएको यो कार्यक्रमको उद्देश्य देशको समृद्ध सांस्कृतिक सम्पदा र परम्परागत शिल्प, कला, संगीत र खाना पकाउने जीवन्त परम्पराहरू प्रदर्शन गर्नु हो। ब्राजिल, रूस, चीन, दक्षिण अफ्रिका, इजिप्ट, इथियोपिया, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, इरान र इन्डोनेसियाका शेर्पाहरूले कार्यक्रममा भाग लिएका थिए। ब्रिक्स सदस्य र साझेदार देशका राजदूतहरू, साथै लगभग ३० विदेशी प्रतिनिधिहरूले पनि भाग लिएका थिए।

१०. Radio Day

आज विश्व रेडियो दिवस हो। रेडियोको महत्त्वको बारेमा जागरूकता जगाउन र यस मार्फत मानिसहरूलाई जानकारी पहुँच गर्न प्रोत्साहित गर्न हरेक वर्ष फेब्रुअरी १३ मा विश्व रेडियो दिवस मनाइन्छ। विश्व रेडियो दिवसमा, प्रसार भारती र युनेस्कोको संयुक्त तत्वावधानमा छत्तीसगढको

राजधानी रायपुरमा एक विशेष कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा उदीयमान प्रविधिहरूमा रेडियोको बढ्दो भूमिकाको बारेमा छलफल गरिएको थियो। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले रेडियोको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पार्दै भन्नुभयो....

११. Army – Military Challenge Cup

भारतीय सेनाले पहिलो पटक अन्तर्राष्ट्रिय सैन्य साहसिक चुनौती कप (IMACC) २०२६ आयोजना गर्दैछ। यो प्रतियोगिता फेब्रुअरी १८ देखि २३, २०२६ सम्म पूर्वी हिमालयको फेदमा आयोजना हुनेछ। रक्षा मन्त्रालयका अनुसार हप्ताभरि चल्ने प्रतियोगितामा भारत र मित्र राष्ट्रका सैन्य टोलीहरूले भाग लिनेछन्। यसमा सात मित्र राष्ट्रहरू - भुटान, ब्राजिल, काजाकिस्तान, किर्गिस्तान, नेपाल, श्रीलंका र साउदी अरेबिया - का टोलीहरू सहित भारतीय सेना, भारतीय वायुसेना, भारतीय तटरक्षक र भारत-तिब्बती सीमा प्रहरी (ITBP) का टोलीहरू समावेश हुनेछन्। यो प्रतियोगिता सैनिकहरूको शारीरिक तन्दुरुस्ती, मानसिक दृढता, टोली कार्य, नेतृत्व र दबाबमा निर्णय लिने क्षमता परीक्षण गर्न डिजाइन गरिएको हो।

------